**EWER** आठौं (चौमासिक प्रतिवेदन)

डिसेम्बर २०१६ देखि मार्च २०१७ (मंसिर १६ देखि चैत्र १८, २०७३) सम्मका सूचनाको आधारमा तयार पारिएको

**पृष्ठभूमि**

देशमा नागरिकको अधिकारको अवस्था कस्तो छ, द्वन्द्वका सम्भावना के कस्ता छन् र तिनलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने जानकारी हासिल गर्नलाई यो प्रतिवेदनले मद्दत गर्छ । नेपालका पाँच विकास क्षेत्र (पूर्वाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल, सुदूरपश्चिमाञ्चल, मध्यमाञ्चल) एक-एक र मधेसमा थप एक गरी ६ जना प्रतिनिधिहरूले हामीलाई उपलब्ध गराएको सूचना र जानकारीको आधारमा यो प्रतिवेदन तयार पारिएको हो । २०७३ सालको मंसिर १६ देखि चैत्र १८ सम्मका जानकारी यस प्रतिवेदनमा समेटिएका छन् । सुशासन, सामाजिक एकता/तनाव, राजनीतिक तनाव/परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय/न्यायमा पहुँच र भूकम्प लगायतका विपद्पछिको राहत/सहयोग वितरण सम्बन्धी चुनौती/द्वन्द्व शीर्षकमा सूचना संकलन गरिएको थियो । यहाँ यी विभिन्न शीर्षकमा प्राप्त जानकारीबारे विश्लेषण तथा चर्चा गरिएको छ ।

**सारांश :**

- **विगतका प्रतिवेदनमा उल्लेख भएझैं यस अवधिमा पनि विभिन्न क्षेत्रमा भ्रष्टाचारका घटना बढेको देखिएको छ ।**
- **समाजमा वन्यजन्तु, सुन तथा काठ तस्करी, विद्युत चोरी जस्ता अपराधका घटना बढिरहेसँगै यस विरुद्ध प्रहरी प्रशासनको सक्रियता पनि उत्तिकै देखियो ।**
- **कर्मचारीको आन्दोलन तथा राजनीतिक सरुवाको कारण सरकारी निकायबाट सेवाग्राहीले सहज सेवा पाउन नसकेको पाइयो ।**
- **स्वास्थ्यकर्मीको आन्दोलन, निःशुल्क दिइने औषधी एवं प्राविधिकको अभावका कारण बिरामीहरूले स्वास्थ्य संस्थाहरूबाट पाउनुपर्ने आधारभूत स्वास्थ्य सेवा प्रभावित भएको पाइयो भने स्वास्थ्य क्षेत्रमा देखिएका विकृति रोक्न सरकारले केही प्रयास गरेको भेटियो ।**
- शैक्षिक संस्थाको पूर्वाधार राम्रो नहुँदा, शिक्षक दरबन्दी कम हुँदा, बेलैमा पाठ्यपुस्तक नपुग्दा विद्यार्थीहरू मर्कामा परेको पाइयो भने बन्द र आन्दोलनका कार्यक्रमले पनि पठनपाठनमा समस्या ल्याएको भेटियो ।
- खानेपानी आपूर्ति सहज नहुँदा, शुल्क महंगो हुँदा तथा वितरणमा अनियमितता हुँदा सर्वसाधारण मर्कामा परेको पाइयो भने वातावरण प्रदुषणका कारण बिरामीको संख्या बढेको भेटियो ।
- **विगतका प्रतिवेदनमा झैं यसपालि पनि बलात्कार, महिला हिंसा, बेचबिखन, कुटपिटका घटना बढेको पाइएको छ ।**
- **हत्या हिंसाका व्यक्तिगत घटनाले सामाजिक तनाव ल्याएका केही घटना पनि यस अवधिमा भेटिए ।**
- **वैदेशिक रोजगारी आर्थिक उपार्जनको महत्वपूर्ण अंग बन्दै गएता पनि यसले आर्थिक, पारिवारिक तथा सामाजिक समस्याहरू उत्तिकै निम्त्याएको पाइयो । सँगसँगै दलालहरूले धेरै कमाइ हुने लोभ देखाएर सर्वसाधारणलाई फँसाउने गरेको पनि भेटियो ।**
- **समुदायमा अझै पनि धर्म र जातको नाममा झैझगडा हुने र दलितलाई शारीरिक तथा मानसिक यातना दिने गरिएको पाइएको छ ।**
- **प्रतिवेदन अवधिमा नेपाल भारत सीमामा विभिन्न खालका विवाद सिर्जना भएको पाइयो ।**
- **राजनीतिक सभासम्मेलन गर्ने सम्बन्धमा विभिन्न दलहरू बीच तनावको स्थिति सिर्जना भएको देखिन्छ भने तराईमा सशस्त्र समूहको गतिविधि प्रहरीको सक्रियताका कारण खुम्चिएको भेटिएको छ ।**

- **नयाँ संविधान, स्थानीय निकायको पुनर्संरचना तथा चुनावसम्बन्धी विषयमा असन्तुष्ट पक्षहरूले विभिन्न खालका आन्दोलन जारी राखेको पाइयो ।**
- **स्वतन्त्र विद्यार्थी युनियनको चुनावको विषयलाई लिएर विभिन्न क्याम्पसहरूमा विवाद, झडप तथा आगजनीका घटना भएको पाइयो ।**
- **विगतका प्रतिवेदनमा झैं यसपटक पनि नदीजन्य सामग्री उत्खननमा अनियमितता देखिएपछि विवाद भएको पाइएको छ । समयमै पुल नबन्दा र तोकिएको शीर्षकअनुसार बजेट नछुट्टाउँदा स्थानीय निकायमा विवाद सिर्जना भएको भेटिएको छ ।**
- **बेपत्ता आयोगबाट उजुरी लिने काम भए पनि दोषीको पहिचान गरी कारवाही हुनेमा पीडित सर्वसाधारण अझै पनि आश्वस्त हुन सकेको पाइएन ।**
- **संक्रमणकालीन न्यायसम्बन्धी ऐन निर्माण प्रक्रिया अपारदर्शी भएको पाइयो । जनआन्दोलनका सहिद परिवारले उचित हेरचाह पाएको देखिएन भने द्वन्द्वकालमा ध्वस्त भएका संरचना अझै निर्माण नहुँदा आमनागरिक मर्कामा परेको पाइयो ।**
- **भूकम्पपछिको राहत वितरण तथा आवास निर्माण निकै सुस्त गतिमा अघि बढ्दा लगभग दुई वर्षसम्म पनि पीडितले उचित राहत अनुभव गरेको देखिएन ।**
- **प्राविधिकको आन्दोलन तथा दक्ष कामदार र निर्माण सामग्रीको अभावमा पुनः निर्माणको काम अझै पर धकेलिने देखिएको छ ।**

## १.सुशासन

**विगतका प्रतिवेदनमा उल्लेख भएझैं यस अवधिमा पनि विभिन्न क्षेत्रमा भ्रष्टाचारका घटना बढेको देखिएको छ ।**

विभिन्न जिल्लाबाट प्राप्त प्रतिवेदनमा सरकारी कार्यालयहरू मध्य मालपोत, अस्पताल र स्वास्थ्य केन्द्रहरूका साथै सरकारका स्थानीय निकायहरूमा सेवाग्राहीहरूले आफ्नो सेवा पाउनको निम्ति घुस दिनु परेको, झन्झट व्यहोर्नु परेको, नातावाद र कृपावाद बढी भएको अनुभव गरेको तथा दलालहरूको शोषण खेप्नु परेको देखिएको छ ।

पर्सा जिल्ला मालपोत कार्यालयमा सम्पत्ती खरिदबिक्रि गर्दा कर घटाइदिने भन्दै कर्मचारीले पैसा असुल्ने गरेको पाइएको छ । वीरगन्ज उपमहानगरपालिका-१६ स्थित १० धुर जग्गामा निर्मित घर खरिदपछि नामसारीका लागि गत पुसको तेस्रो साता जिल्ला मालपोत कार्यालयमा ८० हजार कर दाखिला गर्दा बिल भने ३५ हजार रुपैयाँको मात्र दिइएको पत्रपत्रिकाले उल्लेख गरेका थिए (त्रैमासिक प्रतिवेदन, नेपाल मधेस फाउन्डेशन) ।

जिल्ला बन कार्यालय इलाम र मातहत सेक्टर बन कार्यालय सुखानीले गाडी मर्मत लगायत अनेकौं बहानामा सामुदायिक बन समितिहरूबाट अवैध तरिकाले रकम असुल्ने गरेको बन समितिका पदाधिकारीहरूले आरोप लगाएको पाइयो (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह -प्याग, पूर्वाञ्चल) ।

सुर्खेतको गुटु गाविसको भवन निर्माणमा मापदण्ड विपरीत काम गरेको आरोपमा गत माघ १२ गते सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयका प्रमुख र इन्जिनियर सहित निर्माण व्यवसायीलाई समेत अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पक्राउ गरेको पाइयो (त्रैमासिक प्रतिवेदन –मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिम) ।

**समाजमा वन्यजन्तु, सुन तथा काठ तस्करी, विद्युत चोरी जस्ता अपराधका घटना बढिरहेसँगै यस विरुद्ध प्रहरी प्रशासनको सक्रियता पनि उत्तिकै देखियो ।**

पुसको तेस्रो साता युएइबाट नेपाल आएका एक युवकको साथबाट नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले साढे ३३ किलो सुन बरामद गरेको पाइयो । सो काण्डमा मिलेमतो गरेको आरोपमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत एक एसएसपी पनि पक्राउ परेको पत्रपत्रिकाहरूले जनाएका छन् । यस्तै गत माघ ९ गते नेपाल प्रहरीले विद्युत चोरी गरेको अभियोगमा विद्युत प्राधिकरणका बहालवाला र पूर्व कर्मचारी एवं व्यापारी सहित १६ जनालाई पक्राउ गरी सार्वजनिक

गरेको थियो । चरम लोडसेडिङ हुनुमा विद्युत चोरी पनि प्रमुख कारण भएको बताउँदै यो चोरीमा कर्मचारीकै मिलेमतोमा भएको प्राधिकरणले ठहर गरेको र यसलाई निरुत्साहित गर्न प्राधिकरणले २५ सय कर्मचारीहरूलाई सरुवा गरेको पाइयो ( त्रैमासिक प्रतिवेदन, मध्यमाञ्चल) ।

सुर्खेत केन्द्र भई विभिन्न वन्यजन्तु तथा काठको अवैध तस्करी गरेको पाइएको सुर्खेत जिल्ला वन कार्यालयले जनाएको छ । गत मंसिर २७ मा जिल्ला वन कार्यालय सुर्खेतले काठको अवैध ओसार पसारमा संलग्न ७ जना महिलालाई वीरेन्द्रनगर नगरपालिका १४ बामेखोलाबाट पक्राउ गरेको जानकारीमा आएको छ । (त्रैमासिक प्रतिवेदन–मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल) ।

गत पुस ४ गते नेकपा एमाले निकट युवा संघ रुपन्देहीका अध्यक्ष दुर्गा तिवारीको गोली हानेर हत्या भएको घटनाले रुपन्देही जिल्लासँगै लुम्बिनी अञ्चलका आसपासका जिल्लाहरूमा पनि तनाव सिर्जना भएको पाइयो । प्रहरी अधिकारीले उनको हत्या आर्थिक एवं व्यावसायिक कारणले भएको बताएका छन् (त्रैमासिक प्रतिवेदन, माहुरी होम पश्चिमाञ्चल) ।

**कर्मचारीको आन्दोलन तथा राजनीतिक सरुवाको कारण सरकारी निकायबाट सेवाग्राहीले सहज सेवा पाउन नसकेको पाइयो ।**

गत पुसको अन्तिम साता सरकारी वकिलहरूको आन्दोलनका कारण देशभरका अदालतमा सरकार पक्ष रहेका मुद्दाहरू प्रभावित भएको पाइयो । उच्च अदालतमा न्यायाधीश नियुक्तिका क्रममा सरकारी वकिलहरूको पर्याप्त प्रतिनिधित्व हुन नसकेको भन्दै महान्यायाधिवक्ता कार्यालयका ट्रेड युनियन संगठनहरूले इजलाश बहिस्कारको घोषणा गरेको जानकारी पाइयो (त्रैमासिक प्रतिवेदन–मध्यमाञ्चल ) ।

गत मंसिर २६ गते जवाफदेहिता निगरानी समिति कपिलवस्तुले जिल्लाका आधा दर्जन कार्यालयहरूको अनुगमन गर्दा बिहान ११:३० बजेसम्म पनि अधिकांश सरकारी कार्यालयहरूमा धेरै कर्मचारी अनुपस्थित पाइयो । यसैगरी स्थानीय निकायका कर्मचारीहरूले आफ्नो सुविधाका विभिन्न माग राखी गरेको आन्दोलनका कारण गत फागुन १ गतेदेखि केही दिन नेपाल भरि नै नगरपालिका र जिल्ला विकास समितिका काम ठप्प हुँदा सेवाग्राहीहरूले सास्ती बेहोर्नु परेको पाइयो ( त्रैमासिक प्रतिवेदन, माहुरी होम पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल) ।

राम्रो काम गर्ने स्थानीय विकास अधिकारी सरुवा गरिएको विरोधमा नवलपरासीका संयुक्त मधेसी मोर्चासहित माओवादी केन्द्र र नागरिक समाजका प्रतिनिधिले सदरमुकाम परासीमा प्रदर्शनसहित एक घण्टा चक्काजाम गरेको पाइयो । अवैधरूपमा झिकिएको नदीजन्य पदार्थ नियन्त्रण अभियान सञ्चालनमा सकृय भएर लागेका स्थानीय विकास अधिकारीलाई सरुवा भएर आएको एक महिना नबित्दै मन्त्रालयले काजमा पुनः सरुवा गरेपछि आफूहरू आन्दोलनमा आउनु परेको उनीहरूले बताए ( त्रैमासिक प्रतिवेदन, माहुरी होम पश्चिमाञ्चल) ।

**स्वास्थ्यकर्मीको आन्दोलन, निःशुल्क दिइने औषधी एवं प्राविधिकको अभावका कारण बिरामीहरूले स्वास्थ्य संस्थाहरूबाट पाउनुपर्ने आधारभूत स्वास्थ्य सेवा प्रभावित भएको पाइयो भने स्वास्थ्य क्षेत्रमा देखिएका विकृति रोक्न सरकारले केही प्रयास गरेको भेटियो ।**

कैलाली, डोटी, कञ्चनपुर, बाजुरालगायतका जिल्लामा औषधी अभाव भएको पाइयो भने बालबालिकाको लागि दिइँदै आएको खोप कार्यक्रम पनि प्रभावित भएको पाइयो । कैलाली जिल्लाभरि गत फागुन २१ र २२ गते जापनिज इन्सेफ्लाइटिस तथा पोलियो खोप खुवाइने अभियान स्वास्थ्यकर्मीहरूको आन्दोलनका कारण स्थगित गरिएको जिल्ला जनस्वास्थ्य कार्यालय कैलालीले जनाएको पाइयो । यसअघि पनि पूर्वनिर्धारित खोप अभियान कार्यक्रम स्वास्थ्यकर्मीहरूको आन्दोलनकै कारण प्रभावित भएको पाइएको थियो । कास्कीको गण्डकी मेडिकल कलेज र मनिपाल अस्पतालमा क्रमशः कर्मचारीहरू र विद्यार्थीले विभिन्न मागसहित गरेको आन्दोलनले गर्दा त्यहाँ बिरामीहरूले पाउने सेवा प्रभावित भएको पाइयो (त्रैमासिक प्रतिवेदन–सुदूरपश्चिमाञ्चल, माहुरी होम, पश्चिमाञ्चल) ।

कैलालीको गोदावरी गाविसस्थित स्वास्थ्य चौकीमा असोज महिनादेखि बालबालिकाले जन्मनेबित्तिकै पाउनुपर्ने बिसिजी खोप तथा अन्य बिरामीले निःशुल्क रूपमा पाउनुपर्ने अत्यावश्यक औषधीहरू अभाव भएको पाइएको छ । यता जिल्ला अस्पताल

दार्चुलाले पत्रकार सम्मेलन गरी जिल्लाभरि औषधी पर्याप्त रहेको बताए पनि दार्चुलाका ग्रामीण स्वास्थ्य संस्थाहरूमा सामान्य रोगका लागि आवश्यक औषधीसमेत अभाव भएको पाइएको छ । बैतडी जिल्ला कारागारमा ४७ जना कैदी र एक जना थुनुवा गरी जम्मा ४८ जना कैदीबन्दी रहेको तर २५ जनाको क्षमता भएको कारागारमा सबै कैदि र थुनुवाको उपचार गर्न समस्या भएको कारागारका जेलरले बताए (त्रैमासिक प्रतिवेदन–सुदूरपश्चिमाञ्चल) ।

सरकारले ओपीडी सेवा साँझ ५ बजेसम्म सञ्चालन गर्नुपर्ने निर्णय गरेको भए पनि अझै धेरै स्थानमा यो कार्यान्वयनमा नआएको पाइयो । त्यस्तै उदाहरण विराटनगर स्थित कोशी अञ्चल अस्पताल हो जहाँ बिहान ९ बजेदेखि २ बजे सम्ममात्र ओपीडी चलाउने गरिएको पाइएको छ । अधिकांश चिकित्सकले दिउँसो १ नबज्दै अस्पताल छाडिसक्ने समेत थाहा हुन आएको छ (त्रैमासिक प्रतिवेदन–नेपाल मधेस फाउन्डेशन) ।

झापाका दक्षिणी भेगका खजुरगाछी स्थित गौरीगञ्ज प्राथमिक स्वास्थ्य केन्द्रमा करीब चार वर्षअघि नै खरीद गरिएको एक्स-रे मेसिन प्राविधिकको अभावमा थन्किएको तर सेवाग्राहीले भने अन्य स्थानमा गएर धेरै खर्च गर्नु परेको पाइएको छ । यता धनकुटाको पाखिबास नगरपालिकामा अवैध रुपमा सञ्चालनमा रहेका एक क्लिनिक सहित तीन औषधी पसल जिल्ला अनुगमन समिति धनकुटाले सिल गरेको पाइयो । यसैगरी अनुगमन टोलीले नगरक्षेत्रमा अनधिकृत रूपमा सञ्चालनमा रहेका दुई एग्रोभेट समेत बन्द गरिदिएको थाहा हुन आएको छ । (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह -प्याग, पूर्वाञ्चल)

स्वास्थ्य क्षेत्रमा सुधारको माग गर्दै अनसन बसेका डा. गोविन्द केसी र सरकार बीच १२ बुदैं सहमति भएपछि चिकित्सा ऐन कार्यान्वयन नभएसम्म नयाँ मेडिकल कलेज विस्तार वा कुनै पनि नयाँ कार्यक्रम ल्याउन नपाइने भएको सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । डा. केसीको समर्थनमा सरकारलाई दबाब दिनको लागि सर्वसाधारणदेखि सरकारी डाक्टरहरू समेत आन्दोलनमा आएको पाइएको थियो (त्रैमासिक प्रतिवेदन– मध्यमाञ्चल) ।

**शैक्षिक संस्थाको पूर्वाधार राम्रो नहुँदा, शिक्षक दरबन्दी कम हुँदा, बेलैमा पाठ्यपुस्तक नपुग्दा विद्यार्थीहरू मर्कामा परेको पाइयो भने बन्द र आन्दोलनका कार्यक्रमले पनि पठनपाठनमा समस्या ल्याएको पाइयो ।**

शैक्षिक संस्थामा भौतिक पूर्वाधारको अभाव भएकाले त्यहाँको पठनपाठनमा प्रत्यक्ष असर परेको पाइएको छ । सुर्खेत जिल्लाको ३४ वटा सामुदायिक विद्यालयको अनुगमन गर्दा धेरै विद्यालयहरूमा भौतिक पूर्वाधारको अभाव, केही विद्यालयमा खानेपानी र शौचालयको समेत अभाव रहेको पाइएको र शिक्षाको गुणस्तर कमजोर हुनुका साथै १९ विद्यालयका ५० जना शिक्षकहरू अनुपस्थित भएको पाइएको जिल्ला शिक्षा कार्यालयले जनाएको छ । अधिकांश विद्यालयमा शौचालय व्यवस्थित छैन जसले गर्दा छात्राको विद्यालयमा उपस्थिति नै प्रभावित बनेको पाइएको छ । बाजुराको त्रिशक्ति उच्च माविमा शौचालय व्यवस्थित नहुँदा तथा छाउपडी कुप्रथाका कारण महिनावारीको समयमा छात्राहरू हरेक महिना चारपाँच दिन गयल हुने गरेको पाइएको छ । भूकम्पका कारण गोरखा, धादिङ, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे आदि जिल्लामा विद्यालयको भौतिक पूर्वाधार कमजोर बनेको र अस्थायी टहरामा पठनपाठन गर्न असहज बनेको पाइयो । धादिङमा भूकम्पले ४ हजार कक्षाकोठाहरू भत्काइदिएको भए पनि जिल्ला शिक्षा कार्यालयको रेकर्डअनुसार १ सय ९२ वटा मात्र निर्माण हुन सकेका छन् (त्रैमासिक प्रतिवेदन– मध्यमाञ्चल, मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल, माहुरी होम, पश्चिमाञ्चल) ।

विभिन्न बहानामा गरिने बन्द र हडतालका कार्यक्रमले गर्दा शैक्षिक क्षेत्रको पठनपाठन नराम्ररी प्रभावित भएको पाइएको छ । नेत्र विक्रम चन्द नेतृत्वको नेकपा माओवादी निकट अखिल क्रान्तिकारीमा आबद्ध विद्यार्थीहरूले आह्वान गरेको शैक्षिक संस्था बन्दको अवज्ञा गरेको आरोपमा गत पुस २६ गते कन्चनपुर जिल्लाको भिमदत्त नपा–६ स्थित ब्रिक्सटन कलेजमा तोडफोड भएको प्रहरीले जनाएको छ । यता दार्चुला जिल्लाको गोकुलेश्वर बहुमुखी क्याम्पस, गोकुलेश्वरमा माघ १८ मा शिक्षक भर्ना, विद्यालयको विधि विधान, आर्थिक अनियमितता लगायतका विषयमा विवाद आई एक साताभन्दा बढी लगाइएको तालाबन्दीका कारण क्याम्पसको पठनपाठन प्रभावित भएको पाइयो (त्रैमासिक प्रतिवेदन–सुदूरपश्चिमाञ्चल) ।

शैक्षिक सत्र सकिनै लाग्दा समेत बैतडीका अधिकांश विद्यार्थीले नयाँ पाठ्यपुस्तक नपाएको भेटियो । यहाँ प्राथमिक तहका पाठ्यपुस्तकको माग ढिला गरी पूरा भए पनि निम्नमाध्यमिक र माध्यमिक तहका विद्यार्थीले पाठ्यपुस्तक नपाएको भेटिएको हो । प्रधानाध्यापकले आफूखुसी विना प्रक्रिया शिक्षक भर्ना गरेको आरोपमा अख्तियारमा मुद्दा परेपछि सुरु भएको विवादले

विद्यार्थीहरू मारमा परेको भेटियो । यस्तै भीमदत्त नपा–४ महेन्द्रनगरस्थित कञ्चन विद्यामन्दिर सामुदायिक कलेजमा गत माघ २६ गते राती अज्ञात समूहले आगजनी गरेको भेटियो (त्रैमासिक प्रतिवेदन–सुदूरपश्चिमाञ्चल) ।

**खानेपानी आपूर्ति सहज नहुँदा, शुल्क महंगो हुँदा तथा वितरणमा अनियमितता हुँदा सर्वसाधारण मर्कामा परेको पाइयो भने वातावरण प्रदुषणका कारण बिरामीको संख्या बढेको भेटियो ।**

खानेपानी र सिंचाई सुविधामा चित्त नबुझेपछि स्थानीयबासीले सम्बन्धित निकायलाई झकझकाएका केही उदाहरण पाइएको छ । स्थानीयलाई बेवास्था गर्दै होटल व्यवसायीलाई मात्र खानेपानी दिइएको भन्दै कास्कीको सराङकोट सौर्य खोला र आदर्श बस्तीका स्थानीयले पुस अन्तिम साता खानेपानी संस्थान पोखराका प्रमुखको कार्यकक्षमा झन्डै दुई घण्टा धर्ना दिएको पाइयो । सिंचाई कुलो निर्माणका लागि पटक–पटक सम्बन्धित निकायलाई गुहार्दा समेत सुनुवाइ नभएको बैतडी जिल्ला मेलौली–३ स्यालतडीका प्रकोप पीडितहरूले गुनासो गरेको पाइयो । २०६४ भदौमा आएको पहिरोले सिंचाईका लागि प्रयोग हुँदै आएको ५ सय ५० मिटर लामो कुलो भत्काएपछि स्थानीय ५० परिवार विस्थापित भएका थिए । इलाम नगरपालिका-९ स्थित स्थानीयले नगरपालिका कार्यालयले लिने खानेपानीको महसुल बढी भएको भन्दै उक्त कार्यालयमा निवेदन-पत्र बुझाएको जानकारीमा आएको छ (त्रैमासिक प्रतिवेदन–सुदूरपश्चिमाञ्चल, माहुरी होम पश्चिमाञ्चल, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह -प्याग, पूर्वाञ्चल) ।

मेलम्ची आयोजनाले पाइप बिस्तार तथा सडक मर्मत कार्यक्रमका कारण काठमाडौंका स्थानीयहरूले अत्यधिक प्रदुषण खेप्नु परेको पाइएको छ । काठमाडौं उपत्यकाको सडक विस्तार, बढ्दो सवारी संख्या तथा सवारी चाप, धुलो, धुवाँ लगायतका वायु प्रदुषणका कारण मानिसहरूको जीवन दिन प्रतिदिन कष्टकर बन्दै गएको विज्ञहरूले बताएको पाइयो (त्रैमासिक प्रतिवेदन–मध्यमाञ्चल) ।

**२. सामाजिक एकता/तनाव**

**विगतका प्रतिवेदनमा झैं यसपालि पनि बलात्कार, महिला हिंसा, बेचबिखन, कुटपिटका घटना बढेको पाइएको छ ।**

पश्चिमाञ्चलमा किशोरी बलात्कार ३, नाबालिका बलात्कार ४, श्रीमती हत्या १, पुरुष हत्या २, महिला कुटपिट २, युवतीमाथि एसिड प्रहार गरी हत्या १, बोक्सीको आरोपमा वृद्धा महिला कुटपिट २, प्रेम सम्बन्ध राखेको आरोपमा महिला र दलित वृद्धलाई गाउँ निकालेको १, विद्यालयका बालबालिकालाई दिइएको शारीरिक यातनाको १, बहुविवाहको १ घटनाका जानकारी हामीलाई प्राप्त भए । यसै गरी सुदूर पश्चिमाञ्चलबाट श्रीमती कुटपिट २, श्रीमती हत्या ३, बालिका बलात्कार २, महिला बलात्कार १, युवती यौन दुर्व्यवहार १, पुरुष हत्या १ घटनाबारे विवरण प्राप्त भएका छन् भने मध्यपश्चिमाञ्चलमा बालिका बलात्कारको १, बालिका बेचबिखनको १, युवती बेचबिखनको १ घटनाको जानकारी हामीले पाएका छौं । कानुनी रुपमा बलात्कारी वा यौन हिंसा गर्नेलाई कठोर सजाय दिनुको साटो 'व्यवहारमा मिलाउने' कारण पनि यस्ता हिंसाको शृंखला सोचेजस्तो घट्न सकेको पाइएन (त्रैमासिक प्रतिवेदन–मध्यमाञ्चल, सुदूरपश्चिमाञ्चल, माहुरी होम, पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल) ।

महिला तथा बालबालिका पीडित बनेका केही घटना यस अवधिमा सार्वजनिक भए । सुर्खेतको वीरेन्द्रनगरमा आयोजित कर्णाली एक्स्पो तथा अन्तर्राष्ट्रिय मेलाको उद्घाटनका क्रममा र्‍यालीमा लगिएकी एक स्कुले बालिकाको अचेत भएपछि मृत्यु भएपछि मेला वा कार्यक्रमहरूमा बालबालिकाको प्रयोग कति ठीक वा बेठीक भन्ने बहस उठाएको पाइयो । बैतडी जिल्लाको दशरथचन्द नपा–१ मा अभिभावकको मञ्जुरीविना हुन लागेको विवाह प्रहरीको सहयोगमा रोकिएको जानकारीमा आएको छ । १५ वर्षीया बालिकालाई बैतडीको दशरथचन्द नपा–१ का २० वर्षीय युवकले भगाएर विवाह गर्न भनी ल्याएको बेला बालिकाका अविभावकले प्रहरीलाई खबर गरेपछि विवाह रोकिएको बताइएको छ । रौतहटकै फतुहा महेशपुर-१ का सन्तोष कुमार साहले दाइजोको निहुँमा २१ वर्षीया श्रीमती लालमुनी कुमारीलाई हत्या गरेको जानकारीमा आएको छ ( त्रैमासिक प्रतिवेदन– सुदूरपश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल, नेपाल मधेस फाउन्डेशन) ।

मदिरा र हिंसाको प्रत्यक्ष सम्बन्ध भएका केही घटना पनि यस अवधिमा भेटिए । मदिरा सेवन गरी हँसिया प्रहार गरेर घाइते बनाएको अभियोगमा बाग्लुङमा एकजना पक्राउ परेको पाइयो भने अत्यधिक मदिरा सेवन गरेका एक युवकलाई श्रीमतीले धकेलिदिँदा चोटका कारण मृत्यु भएको पाइयो । विशेष गरी शहरिया युवाले रक्सी तथा अन्य लागू पदार्थ सेवन गर्न चाहिने आवश्यक पैसा संकलन गर्न खोज्दा चोरी कार्य बढेर गएको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाएको छ । पाँचथरको रबी

गाविसको इलाका प्रहरी कार्यालयका अनुसार त्यहाँ मदिरा, तास, जुवा नियन्त्रण गरिएपछि, यो अवधिमा कुनै पनि हिंसासम्बन्धी उजुरी नआएको पाइयो (त्रैमासिक प्रतिवेदन– माहुरी होम पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह -प्याग, पूर्वाञ्चल) ।

**हत्या हिंसाका व्यक्तिगत घटनाले सामाजिक तनाव ल्याएका केही घटना पनि यस अवधिमा भेटिए ।**

कैलाली जिल्लाको पथरैया गाविसस्थित भकरैयाका वीरेन्द्र जैसी गस्तीमा गएको प्रहरीले गोली चलाउँदा फागुन १ गते राती घाइते भएका छन् । गस्तीमा गएको प्रहरी टोलीले काठ तस्करहरूलाई गिरफ्तार गर्न खोज्दा आक्रमण गर्न थालेपछि प्रहरीले आफ्नो सुरक्षाका लागि गोली चलाउँदा उनी घाइते भएको प्रहरीले बताएको छ । यता देउती यातायात प्रालिका सहचालक सूर्यबहादुर खड्कालाई कुटपिट गरिएको घटनामा प्रहरीले किटानी जाहेरी दर्ता गर्न नमानेपछि युवा संघले फागुन १० देखि अनिश्चितकालीन सुर्खेत बन्दको घोषणा गरेतापनि मुद्दा दर्तापश्चात् बन्द फिर्ता लिइएको पाइएको छ (त्रैमासिक प्रतिवेदन–सुदूरपश्चिमाञ्चल) ।

राजधानीको जोरपाटीस्थित नयाँ बस्ती प्रहरी बिटमा पाँच दर्जन मानिसको समूहले गत पुस दोस्रो सातामा आक्रमण गरी प्रहरी कार्यालय, भान्सा कोठादेखि कम्पाउन्डबाहिर र भित्र रहेका चारवटा मोटरसाइकलमा आगो लगाइदिएको भेटियो । दोलखा चरिकोट घर भई जोरपाटी बस्दै आएका ट्याक्सी चालक राजकुमार लामाको मृत्यु भएपछि स्थानीयहरू आक्रोशित बनेको पाइयो । प्रहरी बिटअघि घाइते अवस्थामा भेटिएका लामालाई बेलैमा अस्पताल नलगेको र यसैको कारणले उसको मृत्यु भएको आरोप स्थानीयको रहेको पाइयो । यद्यपि प्रहरी अनुसन्धानपछि लामाको हत्या भएको खुल्न आएको थियो ( त्रैमासिक प्रतिवेदन, मध्यमाञ्चल) ।

**वैदेशिक रोजगारी आर्थिक उपार्जनको महत्वपूर्ण अंग बन्दै गएता पनि यसले आर्थिक, पारिवारिक तथा सामाजिक समस्याहरू उत्तिकै निम्त्याएको पाइयो । सँगसँगै दलालहरूले धेरै कमाइ हुने लोभ देखाएर सर्वसाधारणलाई फँसाउने गरेको पनि भेटियो ।**

जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार श्रीमान् विदेशिएका केही महिलाहरू जग्गा दलालको फन्दामा पर्ने, विभिन्न बहनामा प्रलोभन देखाई पैसा लैजाने र फिर्ता नदिने तथा यौन हिंसामा पर्ने जस्ता समस्यामा परेका छन् (त्रैमासिक प्रतिवेदन–मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल)

श्रीमान् विदेश भएको मौकामा गाँसिएको अनैतिक सम्बन्ध ढाकछोप गर्न बाग्लुङमा एक महिलाले देवरको हत्या गरेको खुल्न आएको छ । रौतहटमा प्रेमीसँग मिलेर वैदेशिक रोजगारबाट फर्केका श्रीमान्को हत्या गरेको घटना बाहिर आएको छ ( त्रैमासिक प्रतिवेदन– माहुरी होम पश्चिमाञ्चल, नेपाल मधेस फाउन्डेशन) ।

गत पुसको पहिलो साता बैंककस्थित नेपाली राजदूतावासले युरोप अमेरिका लगायतका देश जान थाइल्याण्डमा सजिलै भिसा नपाइने भएकाले प्रलोभनमा नपर्न आग्रह गरेको पाइयो । विज्ञप्ति निकाल्दै दूतावासले केही समयदेखि नेपालीहरू दलाल मार्फत् युरोप, अमेरिका, कोरिया, अष्ट्रेलिया लगायतका देशको भिसा पाइने प्रलोभनमा थाइल्याण्ड आउने क्रम बढेको र तीमध्ये धेरै अलपत्र परेको बताएको पाइयो (त्रैमासिक प्रतिवेदन, मध्यमाञ्चल ) ।

**समुदायमा अझै पनि धर्म र जातको नाममा झैझगडा हुने र दलितलाई शारीरिक तथा मानसिक यातना दिने गरिएको पाइएको छ ।**

दार्चुला जिल्लाको खरकडा गाविसमा अझै पनि दलित र गैर-दलितको मन्दिर नै अलग अलग रहेको पाइएको छ । मन्दिर नै अलग भएपछि पूजापाठ पनि दलित र गैर-दलितले छुट्टाछुट्टै मन्दिरमा गर्ने गरेको भेटियो (त्रैमासिक प्रतिवेदन–सुदूरपश्चिमाञ्चल) ।

फागुन अन्तिम साता रुपन्देही जिल्लाको विद्यानगर गाविस वार्ड ४ बसवरिया गाउँका मुस्लिम समुदाय र यादव समुदायका दुई समूहबीच भएको झडपले सामाजिक एकता खलल पुर्‍याएको भेटियो । घटनामा ५५ वर्षीय मुल्लालाल यादवको

उपचारको क्रममा भैरहवा मेडिकल कलेजमा मृत्यु भएको थियो भने दुवै पक्षका धेरै जना घाइते भएका थिए (त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल) ।

राष्ट्रिय मानव अधिकार आयोगले काभ्रेपलाञ्चोक सानो बाङ्थलीकी लक्ष्मी परियारको मृत्युको विषयमा स्थलगत अनुगमन गरेको जानकारीमा आएको छ । आयोगका प्रवक्ताले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'प्रारम्भिक अनुगमनबाट प्राप्त तथ्यअनुसार गत मङ्सिर २० गते परियारलाई स्थानीय चार जनाको संलग्नतामा भनाभन र गालीगलौज पश्चात् कुटपिट गरिएको, बोक्सीसमेत भनी निजलाई स्थानीय श्री सूर्योदय माविको चौरको खम्बामा बाँधी मुखमा मलमुत्र समेत दल्ने, खुवाउने जस्तो निकृष्टतम दुर्व्यवहार  भएको पाइएको छ' (त्रैमासिक प्रतिवेदन, मध्यमाञ्चल) ।

**३. राजनीतिक परिचालन /तनाव**

**प्रतिवेदन अवधिमा नेपाल भारत सीमामा विभिन्न खालका विवाद सिर्जना भएको पाइयो ।**

गत पुस १४ गते कपिलवस्तुको कृष्णनगरमा अज्ञात समूहले भारतीय क्षेत्रबाट गोली चलाउंदा नेपालतर्फका दुई प्रहरी घाइते भएको पाइयो । सीमापारीबाट अचानक गोली आएर लाग्दा ड्यूटीमा रहेका ईलाका प्रहरी कार्यालय कृष्णनगरमा कार्यरत हवल्दार मोहन श्रेष्ठ र कर्णबहादुर पुन घाइते भएको पाइएको हो (त्रैमासिक प्रतिवेदन, माहुरी होम पश्चिमाञ्चल) ।

कन्चनपुर जिल्लाको पुनर्वास–८ आनन्दबजार नजिक भारतीय सीमा सुरक्षा वलले चलाएको गोली लागेर गत फागुन २६ गते गोविन्द गौतमको मृत्यु भएको पाइएको छ । कञ्चनपुरको पुर्नवास नगरपालिका-८ आनन्द बजार नजिकै निर्माण गरिएको कल्भर्टको विषयलाई लिएर विवाद चर्किएपछि नेपाली र भारतीय पक्षबीच झडप हुँदा एसएसबीले गोली चलाएको पाइयो । गौतमलाई शहीद घोषणा, दोषीहरूलाई कारबाही लगायतका माग गर्दै सत्तारुढ नेकपा माओवादी केन्द्रले आह्वान गरेको बन्दका कारण जिल्लाको जनजीवन प्रभावित बनेको थाहा हुन आएको छ (त्रैमासिक प्रतिवेदन–सुदूरपश्चिमाञ्चल) ।

**राजनीतिक सभा सम्मेलन गर्ने सम्बन्धमा विभिन्न दलहरू बीच तनावको स्थिति सिर्जना भएको देखिन्छ भने तराईमा सशस्त्र समूहको गतिविधि प्रहरीको सक्रियताका कारण खुम्चिएको भेटिएको छ ।**

एमालेले मधेशमा मेची महाकाली जागरण अभियानको कार्यक्रम गर्न खोजेको र मधेशी मोर्चाले यसमा अवरोध पुर्‍याउन खोज्दा विभिन्न स्थानमा झडप र तनावको स्थिति आएको पाइयो । एमालेले आयोजना गरेको कार्यक्रम बिथोल्न खोज्दा रौतहटको सदरमुकाम गौरस्थित बीपी चोकमा  सुरक्षाकर्मी र संयुक्त मधेशी मोर्चाका कार्यकर्ता बीच झडप भएको पाइयो । झडपमा पत्रकार सहित आधा दर्जनभन्दा बढी घाइते भएको थाहा हुन आएको छ । यस्ता घटना रौतहट, जनकपुर, सुनसरी, सप्तरी, बाँके आदि जिल्लामा पनि भएको पाइयो । यता सप्तरीमा भने फागुन २३ मा पूर्व प्रधानमन्त्री केपी ओलीले सभा सम्बोधन गर्न थालेपछि थप आक्रोशित बनेका मोर्चाका कार्यकर्ता सभास्थलतर्फ अगाडि बढ्न खोज्दा सुरक्षाकर्मीले सयौं राउण्ड अश्रुग्याँस प्रहार गरेको पाइयो । स्थिति नियन्त्रणमा लिन प्रहरीले अन्धाधुन्ध गोली चलाएको पत्रपत्रिकाले उल्लेख गरेका छन् । उक्त घटनामा पाँच जनाको मृत्यु भएको र २५ जना भन्दा बढी घाइते भएको थाहा हुन आएको छ । प्रहरीले भिड तितरभितर पार्न पानीको फोहोरा हान्ने वारुणयन्त्र या अन्य वैकल्पिक साधन केही पनि नचलाई एक्कासी गोली चलाएको आरोप आन्दोलनकारीले लगाएको पाइएको छ । सप्तरीमा भएको घटनाको विरोधमा फागुन २४ गते तराईका जिल्लामा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले बन्दको आयोजना गरेको थियो । बन्दका कारण कपिलवस्तु, रुपन्देही र नवलपरासी जिल्लामा शैक्षिक संस्था, उद्योग, कलकारखाना सबै ठप्प भएको थाहा हुन आएको छ (त्रैमासिक प्रतिवेदन–नेपाल मधेस फाउण्डेशन, माहुरी होम पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल) ।

सिके राउत पक्राउको विरोधमा उनका समर्थक र सुरक्षाकर्मीबीच पटक पटक झडप हुँदा रुपन्देहीको दक्षिणी मर्चवार क्षेत्र गत फागुन ८ गते दिनभर तनावग्रस्त भएको पाइयो । झडप क्रममा मर्चवारको मझगवामा सुरक्षाकर्मीले पाँच राउण्ड अश्रुग्यास प्रहार गरेको भेटियो । राउत समर्थक १७ जनालाई प्रहरीले नियन्त्रणमा लिएको पाइयो (त्रैमासिक प्रतिवेदन, नेपाल मधेस फाउन्डेशन) ।

मध्य तराईका बारा र महोत्तरी लगायत जिल्लामा सशस्त्र गतिविधिमार्फत आतंक मच्चाउदै आएका भूमिगत समूहका दुई जना पक्राउ परेको जानकारीमा आएको छ । पछिल्ला दिनमा सुरक्षा कारबाहीमा सशस्त्र समूहका थुप्रै नेता कार्यकर्ता मारिएपछि अत्तालिएर सीमावर्ती क्षेत्रमा लुकेर बसिरहेका ती दुईलाई पक्राउ गरिएको पाइयो । यस्तै, महोत्तरी प्रहरीले

भूमिगत समूह तराई जनतान्त्रिक मुक्ति मोर्चा राजन समूहका एक जनालाई हतियार र लागू औषध सहित पक्राउ गरेको भेटिएको छ । प्रहरीको खोजी सूचीमा रहेको ३३ वर्षीय ती पुरुष सिस्वाकटैया १ स्थित नेपाल भारत सीमा नाका नजिकबाट पुस ९ गते पक्राउ परेका थिए (त्रैमासिक प्रतिवेदन, नेपाल मधेस फाउन्डेशन) ।

**नयाँ संविधान, स्थानीय निकायको पुनर्संरचना तथा चुनावसम्बन्धी विषयमा असन्तुष्ट पक्षहरूले विभिन्न खालका आन्दोलन जारी राखेको पाइयो ।**

सुर्खेतको बिजौरा गाविसका बासिन्दाले चौकुने गाउँपालिकाको केन्द्र बिजौरा नै हुनुपर्ने भन्दै आन्दोलन गर्दै आएको पाइएको छ । यसै गरी गाउँपालिका र नगरपालिकाहरूका सेवाकेन्द्रबाट के के कामहरू हुने हो भन्ने अन्यौलताका कारण सेवाग्राही मर्कामा परेको पाइएको छ (त्रैमासिक प्रतिवेदन–मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल) ।

संविधान संशोधनमा प्रदेश नं. ५ टुक्राएको विरोधमा पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान, आदि जिल्लाहरूमा विभिन्न चरणका आन्दोलनहरू भए भने महिनौँसम्म पनि जिल्ला बन्दको आह्वान गरिएको भेटियो । यता कपिलवस्तु, रुपन्देही जिल्लाको उत्तरी भेग विशेषतः बुटवल र राजमार्ग क्षेत्रमा संविधान संशोधनको विरोधमा भएका बन्द, हडताल र आन्दोलनले त्यस क्षेत्रका शैक्षिक संघ संस्था, कलकारखाना, बजार, यातायात दुई हप्ताभन्दा बढी समयसम्म ठप्प भएको पाइयो । यस्तै चैत्र १४ गते नेपाली कांग्रेसद्वारा नवलपरासीको रामग्राममा आयोजित चुनावी ऱ्यालीमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले अवरोध गरेको पाइयो (त्रैमासिक प्रतिवेदन, माहुरी होम पश्चिमाञ्चल) ।

पुस २८ गते अर्घाखाँची जिल्लाको सदरमुकाम सन्धिखर्कमा महोत्सव मेलाको उद्घाटन गर्न आएका पूर्व सांसद तथा माओवादी नेता डिलाराम आचार्यमाथि संविधान संशोधनको समर्थन गरेको भन्दै ढुंगा प्रहार भएको पाइयो । गत मंसिर २१ मा रुपन्देही उद्योग वाणिज्य संघका उपाध्यक्ष कुलप्रसाद न्यौपानेमाथि गोली प्रहार भएको जानकारीमा आएको छ । न्यौपाने नयाँ सीमांकन प्रस्ताव विरुद्धको आन्दोलनमा सक्रिय रूपमा सहभागी भएका थिए । यस्तै प्रदेश टुक्राउन लागेको विरोधमा भएको अनिश्चितकालीन गुल्मी बन्दको क्रममा जीप र मोटरसाइकल, दूध बोक्ने गाडी लगायत दर्जनौं सवारी साधनहरू तोडफोड भएको पाइयो । आन्दोलनकारीले जिल्ला प्रशासन कार्यालयमा ताला लगाएपछि प्रहरीले खुलाउन खोज्दा भएको झडपमा नेकपा मालेकी सांसद कमला विकसहित दुई दर्जन आन्दोलनकारी घाइते भएको जानकारीमा आएको छ । यस्तै पुस १६ मा नवलपरासी स्थित नेकपा एमालेको पार्टी कार्यालयमा आगजनी प्रयास भएको पाइयो (त्रैमासिक प्रतिवेदन, माहुरी होम पश्चिमाञ्चल) ।

थारु बाहुल्यता भएको क्षेत्रलाई प्रदेश नम्बर ४ मा राखिएको भन्दै नवलपरासीको डण्डामा थारु कल्याणकारिणी सभाले पुस १९ गते विरोध प्रदर्शन गरेको पाइयो । नवलपरासी जिल्लाको परासी क्षेत्र र नवलपुर क्षेत्रलाई प्रदेश नम्बर ४ र ५ मा विभाजन गरिएको भन्दै उनीहरूले प्रदर्शन गरेको जानकारीमा आएको छ । स्थानीय निकाय पुनर्संरचनाको विषयलाई लिएर कपिलवस्तु जिल्लाको बहादुरगंज, लमजुङको मध्यनेपाल नगरपालिकाका, मुस्ताङ्गको थासाङ गाउँपालिका, र उत्तरी जलजला गाउँपालिका आदि स्थानहरूमा बन्द हड्तालका कार्यक्रमहरू भएको पाइयो । बन्दका क्रममा तोडफोड र आगजनीका घटनाहरू पनि भेटिए । संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले चैत ४ गते नवलपरासी जिल्लाको भुजहवा, बडहरादुवौलिया, रामपुरखडौना, मनरी, सरावल र तिलकपुर गाविस गरी ६ वटा गाविस मिलाएर गठन गरिएको सरावल गाउँपालिका उद्घाटन गर्न पुगेका सरकारी कर्मचारीहरूलाई अवरोध गरेको पाइयो । गाउँपालिका घोषणा गरे लगत्तै संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा रुपन्देहीले गैडहवा गाउँपालिकामा तालाबन्दी गरेको भेटियो । ६ चैतमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा रुपन्देहीले जिल्लाका ३ वटा गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरेको पाइयो । मोर्चाले मर्चवारी, कोटहीमाई र सम्मरीमाई गाउँपालिकामा तालबन्दी गर्दै साइनबोर्ड पनि हटाएको पाइएको छ (त्रैमासिक प्रतिवेदन, माहुरी होम पश्चिमाञ्चल) ।

गत चैत्र १५ गते संघीय लोकतान्त्रिक गठबन्धनमा आवद्ध मोर्चाका कार्यकर्ताले स्थानीय निर्वाचनको विरोध गर्दै जिल्ला निर्वाचन कार्यालय सुनसरीमा प्रर्दशन गरेको पाइयो । यता पार्टीले माग गरेअनुसार चुनाव चिह्न दिन भन्दै गत चैत्र २१ नयाँ शक्ति नेपाल र संघीय लिम्बुवान मञ्चले जिल्ला निर्वाचन कार्यालय ताप्लेजुङ्गमा छुट्टाछुट्टै धर्ना दिएको पाइएको छ ( त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह -प्याग, पूर्वाञ्चल) ।

**स्वतन्त्र विद्यार्थी युनियनको चुनावको विषयलाई लिएर विभिन्न क्याम्पसहरूमा विवाद, झडप तथा आगजनीका घटना भएको पाइयो ।**

विद्यार्थी संगठनको आपसी किचलो र विवादका कारण आठ वर्षपछि हुन लागेको स्ववियु चुनाव धेरैजसो क्याम्पसमा हुन नसकेको पाइयो । फागुन १६ गते लम्जुङको सुन्दरबजार नपा ७ स्थित कृषि क्याम्पसका प्रमुख र लेखापालले आफूहरूलाई नेपाली कांग्रेसको भातृ सङ्गठन तरुणदलका जिल्ला कार्य समितिका पूर्व सचिवले आक्रमण गरेको आरोप लगाएको पाइयो । नेविसंघ र अनेरास्ववियुबिचको झडपको विषयमा बैठक भइरहेको बेला हलमा आक्रमण गरेको क्याम्पस प्रमुखले बताएका छन् । गत फागुन १८ गते निर्वाचन हुने भनिएको गोरखाका दुईवटै क्याम्पसमा तनाव सिर्जना भएको पाइयो । गोरखा क्याम्पसमा माओवादी केन्द्र निकट अखिल क्रान्तिकारीले चुनावकै विषयलाई लियर तालाबन्दी गरेको पाइयो भने द्रव्यशाह बहुमुखी क्याम्पसमा अज्ञात समूहले सुतली बम बिष्फोट गराएको भेटियो । स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा उमेरको हद बन्दी २८ वर्ष राखिएको भन्दै नेविसंघले कास्कीको पृथ्वीनारायण क्याम्पस, पोखरामा क्याम्पस प्रमुखको कार्यकक्ष तथा क्याम्पस प्रशासनको मूल भवन तालाबन्दी गरेको पाइयो । यस्तै पृथ्वीनारायण क्याम्पसमै पुस २१ गते आन्तरिक विषयमा विवाद हुँदा एमाले निकट अनेरास्ववियुका ओली र नेपाल पक्षधर विद्यार्थीबीच क्याम्पस परिसरमा झडप हुँदा केही युवा घाइते भएको पाइयो । पूर्वका ठूला र धेरै विद्यार्थी भएका क्याम्पसहरू जस्तै मोरङ्गको विराटनगरस्थित महेन्द्र मोरङ्ग बहुमुखी क्याम्पस, धरानमा रहेको महेन्द्र बहुमुखी क्याम्पस, धनकुटा बहुमुखी क्याम्पस धनकुटा, महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम, पिण्डेश्वर क्याम्पस धरान आदिमा स्ववियु निर्वाचन विवादका कारण स्थगित भएको भेटियो । झापाका ९ मध्ये सात वटा क्याम्पसहरूमा निर्वाचन हुन सकेको प्रतिवेदन प्राप्त भएका छन् । यस्तै  नयाँ शक्ति पार्टी निकट विद्यार्थी युनियनले क्याम्पसमा तालाबन्दी गरेपछि महेन्द्र बहुमुखी क्याम्पस धरानको चुनाव अनिश्चित भएको पाइयो । (त्रैमासिक प्रतिवेदन, माहुरी होम पश्चिमाञ्चल, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह -प्याग, पूर्वाञ्चल) ।

गत फागुन १६ मा स्ववियु निर्वाचनको विषयलाई लिएर कालिकोटमा विभिन्न विद्यार्थी संगठनहरूबीच झडप भएको भेटियो । यस्तै कन्चनपुरमा पनि नेविसङ्घ र अनेरास्ववियुका विद्यार्थी बीच फागुन २१ गते भएको झडपमा नेविसंघका एक कार्यकर्ता खुकुरी प्रहारबाट घाइते भएको पाइएको छ (त्रैमासिक प्रतिवेदन –सुदूरपश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल ) ।

अज्ञात व्यक्तिहरूद्वारा त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष डा. सुधा त्रिपाठीको कारमा आगजनी गरेको पाइएको छ । ललितपुरको ज्वागल स्थित त्रिभुवन पार्क नजिकै उनको कारमा पेट्रोल छर्केर आगजनी गरिएको प्रहरीले जनाएको छ । त्रिपाठी स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन कमिटीमा सक्रिय रहेकी थिइन् (त्रैमासिक प्रतिवेदन– मध्यमाञ्चल) ।

## ४. स्रोत साधनमाथिको द्वन्द्व

**विगतका प्रतिवेदनमा झैँ यसपटक पनि नदीजन्य सामग्री उत्खननमा अनियमितता देखिएपछि विवाद भएको पाइएको छ । यस्तै समयमै पुल नबन्दा र तोकिएको शीर्षक अनुसार बजेट नछुट्याउँदा स्थानीय निकायमा विवाद सिर्जना भएको पाइएको छ ।**

झापाको विरीङ्ग नदीबाट बालुवा र गिटी निकाल्ने विषयमा भएको विवाद साम्य पार्न गएका स्थानीय विकास अधिकारीलाई झापाको अर्जुनधारा नगरपालिकास्थित सिस्नेका बासिन्दाले अवरोध गरेको थाहा हुन आएको छ । मापदण्ड विपरीत ठेकेदारलाई बालुवा गिटी निकाल्न अनुमति दिएको भन्दै आक्रोशित स्थानीयबासीले गत चैत ८ गते उनलाई गाउँ छाड्न बाध्य पारेको जानकारीमा आएको हो । जिविसले ठेकेदारको प्रभावमा परेर गैरकानुनी रुपमा नदीजन्य सामग्री निकाल्न दिएको स्थानीयबासीले आरोप लगाएका छन् (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह -प्याग, पूर्वाञ्चल) ।

चुरे क्षेत्रबाट अवैध रुपमा निरन्तर ढुंगा, बालुवा निकालिएकोमा  संरक्षणविद् र स्थानीयहरूले चिन्ता व्यक्त गरेको पाइयो । वन तथा भूसंरक्षण मन्त्री स्वयं निकासी खोल्न लागिपरेको तथा अवैध निकासी गर्ने व्यापारीहरू स्वयं स्थानीय प्रशासन तथा राजनीतिक दललाई प्रभावमा पार्न खोजिरहेको भेटिएको सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् (त्रैमासिक प्रतिवेदन, मध्यमाञ्चल) ।

**५. संक्रमणकालीन न्याय/ न्यायमाथिको पहुँच**

**बेपत्ता आयोगबाट उजुरी लिने काम भए पनि दोषीको पहिचान गरी कारवाही हुनेमा पीडित सर्वसाधारण अझै पनि आश्वस्त हुन सकेको पाइएन ।**

गत पुस २२ गते सशस्त्र द्वन्द्वका समयमा बेपत्ता भएका व्यक्तिका बारेमा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले जिल्ला प्रशासन कार्यालय र शान्ति समितिको कार्यालयलाई प्रमाणहरू उपलब्ध गराउन पत्राचार गरेको जानकारीमा आएको छ। आयोगले इलामबाट उजुरी परेका २५ जना बेपत्ता व्यक्तिको नाम सहित जिल्ला प्रशासन कार्यालय र शान्ति समितिको कार्यालयमा पत्राचार गरेको भेटियो । यसै बीच, सत्यनिरुपण तथा मेलमिलाप आयोगले भने अहिलेसम्म जिल्लास्थित शान्ति समितिको कार्यालयमा केही जानकारी दिएको पाइएन। सत्यनिरुपण आयोगले आफूहरूसँग पनि अहिले सम्म सम्पर्क नगरेको पीडितहरूले बताएका छन् (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह - प्याग, पूर्वाञ्चल) ।

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोग सुर्खेत इकाइले उजुरी संकलन गर्ने काम सम्पन्न गरेको बताएको छ । संकलित उजुरीका आधारमा महिला र बालबालिका नै बढी पीडित रहेको देखिएको कार्यालयले जनाएको छ । विश्व परिदृश्य वकालत मञ्चले गरेको एक कार्यक्रममा सुर्खेतका द्वन्द्व पीडितले आफूलाई राज्यले उपेक्षा गरेको गुनासो गरेको पाइयो (त्रैमासिक प्रतिवेदन, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल) ।

**संक्रमणकालीन न्यायसम्बन्धी ऐन निर्माण प्रक्रिया अपारदर्शी भएको पाइयो । जनआन्दोलनका सहिद परिवारले उचित हेरचाह पाएको देखिएन भने द्वन्द्वकालमा ध्वस्त भएका संरचना अझै निर्माण नहुँदा आमनागरिक मर्कामा परेको भेटियो ।**

संक्रमणकालीन न्यायसम्बन्धी ऐन निर्माण प्रक्रिया अपारदर्शी भएको र त्यसलाई पारदर्शी बनाउन सरकारलाई अनुरोध गरेको पाइएको छ । मानव अधिकारसम्बन्धी सबै कानुन र विधेयकमा समीक्षा र सुझाव दिने जिम्मेवारी भएको संवैधानिक अंगलाई के नियतले संक्रमणकालीन न्यायसम्बन्धी विधेयक नदेखाइएको हो भन्ने प्रश्न आयोगले सरकारलाई गरेको पाइएको छ । राजनीतिक अस्थीरताले पनि मानव अधिकारको सुनिश्चिततामा अवरोध ल्याएको भनी अधिकारकर्मीहरुले चिन्ता व्यक्त गरेको पाइयो (त्रैमासिक प्रतिवेदन,मध्यमाञ्चल) ।

तत्कालीन विद्रोही नेकपा माओवादीले द्वन्द्वकालमा क्षति पुऱ्याएका गाविस भवन पुनर्निर्माण नहुँदा बैतडीका १५ गाविसका स्थानीय नागरिक मर्कामा परेको पाइयो (त्रैमासिक प्रतिवेदन–सुदूरपश्चिमाञ्चल) ।

२०४६ सालको जनआन्दोलनका क्रममा ज्यान गुमाएका धनुषा जिल्लाको यदुकोहाका पाँच सहिद परिवारले आफूहरूलाई सरकारले वास्ता नगरेको बताएका छन् । मुलुकमा लोकतान्त्रिक व्यवस्था भएपछि परिवारका दुई बालबालिकालाई निःशुल्क शिक्षा दिने बताइए पनि सहिद परिवारका एउटै बालबालिकाले पनि यो सुविधा प्राप्त गर्न नसकेको थाहा हुन आएको छ ( त्रैमासिक प्रतिवेदन, नेपाल मधेस फाउण्डेशन) ।

**६. प्रकोपपछिको राहत/सहयोग वितरण सम्बन्धी चुनौती/द्वन्द्व**

**भूकम्पपछिको राहत वितरण तथा आवास निर्माण निकै सुस्त गतिमा अघि बढ्दा लगभग दुई वर्षसम्म पनि पीडितले उचित राहत अनुभव गरेको देखिएन ।**

दुई वर्षअघिको महाभूकम्पले पानीका स्रोतहरू सुकाएपछि धादिङ सल्यानटार गाविसमा स्थानीयहरू नेत्रावती खोलाबाट ट्यांकरले बोकेर ल्याइदिने पानीमा निर्भर रहेको पाइयो । विकल्प नभएपछि उनीहरूले पानी व्यापारीलाई एक रुपैयाँ प्रति लिटर तिर्न बाध्य हुनु परेको भेटियो । उनीहरू पुनर्निर्माणको लागि पनि सोही महंगो पानी खर्च गर्नु परेको गुनासो गरेका छन् । यस्तै भूकम्पपछिको पुनर्निर्माणका लागि भन्दै धादिङ जिल्लाका अधिकांश सामुदायिक वनले कार्ययोजना विपरीत रूख काट्न अनुमति दिइरहेको भेटियो । उपभोक्ताका लागि भनिए पनि समितिका पदाधिकारी र काठ तस्करको मिलेमतोमा कटानी भइरहेको जानकारीमा आएको छ । यता जग्गाधनी पुर्जा नहुँदा काभ्रेका भुम्लुटार र फलाँटे गाविसका कम्तीमा पनि

९ सय ६६ भुकम्प पीडित परिवार घर निर्माणको लागि सरकारबाट प्राप्त हुने अनुदान रकमबाट बञ्चित भएको पाइएको छ । अनुदान सम्झौताका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले जग्गा धनी पूर्जा अनिवार्य चाहिने व्यवस्था गरेपछि फलाँटे र भुम्लुटारका भूकम्पपीडितले अनुदान सम्झौता गर्न नपाएका हुन् । यो दुई गाविस झण्डै ४ दशकदेखि यी दुई गाविसका नागरिक जग्गाधनी पूर्जाविहीन छन् । सीमा विवादका कारण जग्गाधनी पूर्जा पाउनबाट बञ्चित बनेका यहाँका स्थानीयले विवाद समाधान गरिदिन पटक-पटक आग्रह गर्दा पनि समस्या अझै सुल्झिएको छैन (त्रैमासिक प्रतिवेदन, मध्यमाञ्चल) ।

पुनर्निर्माणमा ढिला हुंदा गोरखाका भूकम्प पीडितहरू पुस महिनाको जाडोमा पनि त्रिपालमुनि रात कटाउन बाध्य भएको पाइयो । सरकारले दिएको ५० हजारले घरको एक छेउ पनि तयार नभएको भन्दै मंसिर २९ गते सदरमुकाममा उनीहरूले प्रदर्शन गरेको पाइयो । यस्तै गोरखाकै केरौजाका गाविसमा गएको पहिरोका कारण उक्त गाविस १, २, ३ र ४ का बासिन्दाले घर निर्माण सुरु गर्न समेत नपाएको देखियो । त्यहाँका स्थानीय एक बासिन्दा भन्छन् 'पहिरोले घडेरी त छैन् ५० हजारले घर कहाँबाट बनाउने ?' (त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल) ।

ओखलढुङ्गाको सिद्धिचरण नगरपालिकाका भूकम्प पीडितहरूले नगरपालिकाले नक्सापास नगरिदिँदा घर बनाउन नपाएको बताएका छन् । नगरपालिकाले घर बनाउँदा अनिवार्य नक्सापास गर्नुपर्ने नियम लागू गरे पनि आवेदन दिएका सयभन्दा बढी भूकम्प पीडितका घरको नक्सापास भएको छैन । नक्सा पास गराउन कार्यकारी अधिकृतको अनिवार्य स्वीकृति लिनुपर्ने प्रावधान भएको र कार्यकारी अधिकृत कार्यालयमा नबसेका कारण समस्या आएको पीडितहरूले आरोप लगाएका छन् ( त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह -प्याग, पूर्वाञ्चल) ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी अधिकृत सुशील ज्ञवालीलाई स्पष्टीकरण लिएपश्चात हटाएर सरकारले नयाँ कार्यकारी अधिकृतको रुपमा गोविन्द राज पोखरेललाई नियुक्ति दिएको छ । भूकम्प पीडितहरू कठांग्रिदो चिसोले मर्माहत भइरहेको बेला सरकार भने प्राधिकरण प्रमुख परिवर्तनको खेलमा लागेको आरोप प्रतिपक्ष दलले लगाएका पाइयो । ( त्रैमासिक प्रतिवेदन, मध्यमाञ्चल ) ।

**प्राविधिकको आन्दोलन तथा दक्ष कामदार र निर्माण सामग्रीको अभावमा पुनः निर्माणको काम अझै पर धकेलिने देखिएको छ ।**

सरकारले भूकम्पपछिको पुनर्निर्माणमा खटिएका इन्जिनियर सहितका प्राविधिकलाई ७५ प्रतिशत सम्म भत्ता दिने निर्णय गरेको जानकारीमा आएको छ । पुसको दोस्रो साता सरकारले जिल्ला सदरमुकामसम्म जाने प्राविधिक तथा इन्जिनियरलाई ५० प्रतिशत र गाउँसम्मै पुगेर पुनर्निर्माणमा सहयोग गर्नेलाई पारिश्रमिकको ७५ प्रतिशत भत्ता दिने निर्णय गरेको हो । तलव सुविधा कम भएको भन्दै पुनर्निर्माणका लागि विभिन्न जिल्लामा खटिएका इन्जिनियर तथा प्राविधिकले सामूहिक राजीनामा दिएका थिए । यसले निर्माणको काममा अवरोध सिर्जना गरेको थियो ।

यस्तै इन्जिनियर, सब ओभरसियर तथा तालिम प्राप्त ज्यामीहरूसँगै निर्माण सामग्रीको अभावले पुनर्निर्माणको काम अझै ढिलो हुने संकेत देखिएको छ । जम्माजम्मी २० हजार आठ सय ७९ घरहरू निर्माण भइरहेको र ४१ हजार ३ सय ११ घरहरू तयार भइसकेको प्राधिकरणलाई उदृत गर्दै समाचारहरूले जनाएका छन् । यस्तै गोरखा सदरमुकाममा भूकम्प पीडितहरूले पुनर्निर्माणको बेला झ्याल, ढोका, चौकोश आदि बनाउनको लागि काठ अभाव भएको समाचारहरूले जनाएका छन् । पहिलो किस्ताको रकम पाएर घर बनाउन थालेका अधिकांशले दोस्रो किस्ताको रकम पाउन नसक्दा निर्माण अलपत्र हुने या ऋणमा फँस्ने जोखिम बढेको पाइएको छ (त्रैमासिक प्रतिवेदन– मध्यमाञ्चल, माहुरी होम, पश्चिमाञ्चल) ।

**EWER आठौं -चौमासिक प्रतिवेदन सेफरवर्ल्ड र शान्तिका लागि साझा अभियान (कोक्याप)- नेपालमनिटर डट ओआरजीले नेपाल मधेस फाउन्डेशन (नेमाफ), मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग-नेपाल), माहुरी होम तथा मध्य पश्चिमाञ्चल विश्वविद्यालयको सहकार्यमा लेखिएको हो । नेमाफका नन्दकुमार साह, मध्य पश्चिमाञ्चल विश्वविद्यालयका कमलराज लम्साल र प्याग-नेपालकी यसोधा सुब्बा, सुदुरपश्चिमाञ्चलका हेमकर्ण बिके र मध्यमाञ्चलबाट रुद्र पंगेनीको यस प्रतिवेदनमा लिखित सहयोग रहेको छ ।**